बैठक न ४२

तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सभाहलमा आज मिति २०८१।०५।१३ गते गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि नं | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रोणप्रताप के.सी | अध्यक्ष | | |
| २ | श्री सृजना खड्का सुवेदी | उपाध्यक्ष | | |
| ३ | श्री वसन्त वहादुर थापा क्षेत्री | वडाअध्यक्ष | | |
| ४ | श्री ईश्वरराज कार्की | वडाअध्यक्ष | | |
| ५ | श्री रामप्रसाद काफ्ले | वडाअध्यक्ष | | |
| ६ | श्री नारायण खड्का | वडाअध्यक्ष | | |
| ७ | श्री शम्भु प्रसाद फुयाल | वडाअध्यक्ष | | |
| ८ | श्री कृष्ण प्रसाद फुयाल | वडाअध्यक्ष | | |
| ९ | श्री खुस बहादुर सुनुवार | वडाअध्यक्ष | | |
| १० | श्री रिता पोखरेल | कार्यपालिका सदस्य | रिता | |
| ११ | श्री सुनिता विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १२ | श्री ईन्दिरा कार्की | कार्यपालिका सदस्य | | |
| १३ | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| १४ | श्री नरध्वज सुनुवार | कार्यपालिका सदस्य | | |
| १५ | श्री सुमन मिजार | कार्यपालिका सदस्य | | |
| १६ | श्री बद्री प्रसाद शर्मा वाग्ले | सदस्य सचिव | | |

Scanned with CamScanner

गाउँ कार्यपालिकाको एकचालीसौं बैठक

मिति २०८१/५/१३ गतेको तामाकोशी गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठकका प्रस्तावहरु

१ तामाकोशी गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ सम्बन्धी।

२ नदीजन्य पदार्थको ठेँक्का तथा सम्झौता सम्बन्धमा।

३ विविध सम्बन्धमा।

निर्णयहरु

निर्णय नं१: तामाकोशी गाउँपालिका वडा नं ५ को साविक स्वास्थ्य चौकीवाट स्तरोन्नति भएको ५ शैयाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनको 'लागि सम्वन्धित शाखा तथा विधायन समितिवाट तयार भई स्वीकृतिको लागि पेश भएको "तामाकोशी गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१"पारित गरियो ।

निर्णय नं २: तामाकोशी नदीको किनार ढोलीखोला दोभानवाट रोडा ढुंगा गिटी वालुवा लोहोरे ढुंगा आदि जस्ता नदीजन्य पदार्थ संकलन तथा उत्खननकोलागि पेश भएको एक मात्र विधुतीय वोलपत्र चतुररुप निर्माण सेवा प्रा.लि.को जम्मा कवोल अंक भ्याटवाहेकको रु १,२०,०००००। (एक करोड वीस लाख) पालिकाको स्वीकृत लागत अनुमान रु ९४,६२,९१५ (भ्याट वाहेक) को न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको, यधपी उक्त निर्माण सेवा जनप्रतिनिधिसँग नाता पर्ने भएकोले उक्त व्यहोराको जानकारी गराई गाँउ कार्यपालिकावाट स्वीकृति लिएर ठेक्का स्वीकृतिको आशय पत्र प्रकाशित लगायतका ठेक्का सम्झौतासँग सम्वन्धित कार्य अगाडी वढाउने प्रयोजनको लागि पेश हुन आएकोले सो कार्यलाई स्वीकृति दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं ३: विविध सम्वन्धमा निम्नानुसार निर्णय पारित गरियो ।

१ कृषि विकास निर्देशनालय/पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय वागमती प्रदेश हेटौडाको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागि वडा छनोट सम्बन्धी मिति २०८१/०४/१५ गतेको सूचना बमोजिम तामाकोशी गाउँ पालिकाको वडा नं २ झुलेलाई छनोट गरी सोको लागत साझेदारीको प्रतिवद्धता सहितको प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

२ आर्थिक सहयोग सम्वन्धी :

- तामाकोशी गाउँपालिका वडा नं २ निवासी भरत वहादुर कार्कीको बुहारी दीपक कार्कीको श्रीमती वर्ष २८ ना प्र प नं २१-०१-६९-३४९८१ राहदानी नं १०२८१२२१ भएको सिर्जना खड्का कार्की अध्ययन तथा रोजगारीको शिलशिलामा जापानमा रहेको र हाल KYOTO UNIVERSITY HOSPITAL वाट (pancreatic Neuroendocrine Neoplasma Tumor) रोग प्रमाणित भई उपचारको क्रममा रहेको र निजको पारिवारिक अवस्था अत्यन्त कमजोर रहेकोले उपचार खर्चमा सहयोगकोलागि वडा नं २ को कार्यालयमार्फत सिफारिस भई आएकोले निजको खर्चकोलागि निजको परिवारको नाममा रु ५०,०००। उपलब्ध गराउने निर्णय पारित गरियो ।

"शिक्षा तर्फ

१ पालिका अनुदानमा प्रचलित कानुन अनुसार करारमा नियुक्त भएका विभिन्न विधालयका शिक्षकहरुलाई क्रमशः खाली हुन आएका स्वीकृत दरबन्दी, राहत, संघीय अनुदान तथा प्रदेश अनुदान थप भई आए वा कुनै कारणले खाली भएमा क्रमश उक्त पदमा पदस्थापना गरी पालिका अनुदान दरवन्दीहरुलाई शुन्य गर्ने ।

तामाकोशी गाउँपालिका

२ श्री जनप्रभात मा वि झुलेमा कार्यरत विधालय सहायक कर्मचारी हिमाल कार्कीलाई विधालयको सहित तामाकोशी गाउँपालिका शिक्षा शाखामा कर्मचारी अभाव भएको र कार्यसम्पादनमा वाधा पुगेकोले सोको समाधानको लागि विधालय सहायक कर्मचारीले पाउदै आएको पारिश्रमिकमा पालिकाको कार्य सहित थप कार्य सम्पादनको लागि मासिक रु १५५००।- करार सम्झौता गरी आ व ८१/८२ को प्रारम्भ देखि लागू हुने गरी भुक्तानी दिने,

३ शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र तामाकोशी गा.पा. शिक्षा ऐन २०७५ (संशोधन सहित २०८०) मा समेत शिक्षा सेवा, शिक्षा प्रशासन उपसमुह निरिक्षणका प्राविधिक कर्मचारीका लागि स्पष्ट अनुगमनको जिम्मेवारी तोकिएको र सो वापत समय समयमा अनुगमन वापतको फिल्ड भत्ता तोकिदै आएकोमा सो जिम्मेवारीमा र पालिकाको शिक्षा शाखावाट सम्पादन हुने नियमित कार्य समेत गर्दै आउनु भएका विमल प्रसाद निरौला (शिक्षा अधिकृत आठौं) मासिक एकमुष्ठ रु ८०००।- फिल्डको समेत कार्य गरेकाले उपलब्ध गराउने,

४ शिक्षा शाखाको कार्य सम्पादनमा वाधा पुगेकोले फिल्डको कार्यलाई व्यवस्थित वनाउन एक सवारी साधनको व्यवस्था मिलाउन आवश्यक प्रक्रिया अघि बढाउने,

५ मिति२०८१/४/१ देखि २०८१/५/१३ सम्म शिक्षा शाखाको प्रस्तावमा पालिका प्रमुख स्तरीय निर्णयवाट भएका प्रशासनिक तथा व्यवस्थापकीय निर्णयहरुलाई अनुमोदन गर्ने, "

- मिति २०८१/४/१७ गतेको गाउँकार्यपालिकाको निर्णय वमोजिम यस गाउँपालिका अन्तर्गतका सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत जनशक्तिको करार सम्झौता थप नगर्ने र उक्त कार्यमा सम्वन्धित स्वास्थ्य चौकीको जनशक्तिवाट दैनिक कार्यसम्पादन गर्ने निर्णय भएकोमा सम्वन्धित क्षेत्रको जनशक्ति स्वास्थ्य चौकीहरुमा पर्याप्त नभएको कारण स्वास्थ्य चौकीहरुको कामकाज समेत प्रभावित हुन सक्ने सम्भावित अवस्थालाई मध्यनजर गरी हाललाई ती ईकाईहरुमा कार्यरत

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

जनशक्तिलाई पुनः निरन्तरता दिन निर्णय गरियो ।

- उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HJCDPs)अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/३/५ गतेको पत्रानुसार आयोजना अन्तर्गत पेश गर्न सकिने विभिन्न क्षेत्रमध्ये पालिकाका सबै वडाहरुलाई समेट्ने गरी खानेपानी आयोजना सञ्चालन गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गरी सोको लागि पालिकाको लागत साझेदारी रकमको प्रतिवद्धतासमेत सुनिश्चित गरी पठाउने निर्णय पारित गरियो ।
- पालिका अनुदान अन्तर्गत केही करार शिक्षक व्यवस्थापन हुँदै आएकोमा हाल पालिकाको आन्तरिक राजश्वमा कमी आएको कारण व्यवस्थापनमा समस्या आएकोले खाली हुन आएका अन्य दरबन्दीमा पालिका अनुदान अन्तरगत कार्यरत शिक्षकलाई खटाई पठाउने निर्णय पारित गरियो ।
- गाउँपालिकाका विभिन्न वडाहरुमा विजुलीका पोलहरु ढलेर बाँङ्गिएर विजुलीका तारहरु लत्रेर जोखिमपूर्ण अवस्था सृजना भएको हुँदा यस्तो अवस्थाको सम्बन्धित वडावाट स्पष्ट लगत तयार गरी पालिकास्तरीय विपद व्यवस्थापन समितिको बैठकवाट समेत निर्णय गराई सम्बन्धित निकायमा लेखी पठाउने निर्णय पारित गरियो । साथै वडा नं ६ स्थित जोखिममा रहेको जनज्योति मा वि भवन र सूर्योदय स्कूलको संरक्षणको लागि तयार भएको डिपीआर सहित सम्बन्धित निकायमा लेखी पठाउने र गाउँपालिकाका प्राविधिकवाट पालिकाको मुख्य सडकको नाली लगायतका सरसफाई कार्यको लागि आवश्यक पर्ने कामदारको संख्या एकीन गरी सोको लागि अनुमानित लागत तयार गर्न लगाई सरसफाईको कार्य अगाडी बढाउने निर्णय गरियो ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा